# प्रेस विज्ञप्ति

मिति २०८१/०३/ २६ गते बुधबारका दिन नयाँ पत्रिकामा **'मोस्ट वान्टेड सूचीमा रहेका गुरुङ दिल्लीबाट तेस्रो मुलुक फरार'** शीर्षकमा प्रकाशित समाचारप्रति यस राजदूतावासको गम्भिर ध्यानाकर्षण भएको छ।

उक्त पत्रिकामा उल्लेख गरिए बमोजिम 'त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट पटक-पटक भएको सुन तस्करीमा संलग्न तथा प्रहरीको मोस्ट वान्टेड सूचीमा रहेका जीवन गुरुङ भारतको नयाँ दिल्लीस्थित नेपाली राजदूतावासबाट एनओसी (नो अव्जेक्सन लेटर) लिएर तेस्रो मुलुक फरार भएको' भन्ने कुरामा कुनै सत्यता नभएको र निजको नाममा यस राजदूतावासबाट कुनै NOC जारी नभएको व्यहोरा सूचित गरिन्छ।

त्यसैगरी, 'यस राजदूतावासका काउन्सेलर श्री उमाप्रसाद चतुर्वेदीले निज गुरुङलाई रोक्न दिल्लीको इन्दिरा गान्धी अन्तर्राष्ट्रिय विमानस्थलस्थित भारतीय इमिग्रेसनलाई अनुरोध गरेको तर इमिग्रेसनले NOC लेटरसहित जहाजतर्फ यात्रामा निस्किएको यात्रुलाई रोक्न नमिल्ने भन्दै पन्छाइदिएको' भन्ने कुरामा समेत कुनै सत्यता नभएको र उक्त कुरा काउन्सलेर श्री चतुर्वेदीलाई समेत नसोधी कपोलकल्पिल रुपमा पत्रिकामा उल्लेख गरिएको देखिन्छ।

२०८१/०३/२६
नेपाली राजदूतावास
नयाँ दिल्ली, भारत।